# मासु उत्पादनमा आधारित प्रोत्साहन सहयोग कार्यक्रम संचालन मापदण्ड, २०८०

(मन्त्रीस्तरीय निर्णयबाट मिति २०८०/०७/१२ मा स्वीकृत)

**प्रस्तावना:** गण्डकी प्रदेश भित्र खसीबोका, च्याङ्ग्रा उत्पादन व्यवसायमा संलग्न कृषकलाई प्रोत्साहनको व्यवस्था गरी मासुको उत्पादन वृद्धि गर्न " मासु उत्पादनमा आधारित प्रोत्साहन सहयोग कार्यक्रम संचालन" गर्ने उद्धेश्यले गण्डकी प्रदेश सरकारको "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकार, कृषि तथा भूमि व्यवस्था मन्त्रालयले यो मापदण्ड बनाएको छ।

**१.प्राविधिक पक्ष :**

**१.१ आवेदकको योग्यता तथा संस्था छनौट**

क) आवेदक पशुपन्छी सम्बन्धी कार्य गर्ने सहकारी संस्था हुनुपर्नेछ।

ख) आवेदकले संस्थागत रुपमा खसीबोका/च्याङ्ग्रा जस्ता जिवित पशुधन विक्री गर्ने वा गरेको हुनुपर्नेछ।

ग) खसीबोका/च्याङ्ग्राको कम्तिमा ३ मे.टन जिवित तौलको कारोबार गर्ने सहकारी संस्था हुनुपर्नेछ।

घ) विक्री गरिने जिवित पशुको हकमा पहिचानको लागि ट्यागिङ गर्नुपर्नेछ।

ङ) बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकिकृत कार्यविधि, २०७७ मा व्यवस्था भएको मूल्याङ्कन तथा सिफारिस समितिले बुँदा नं. ३ बमोजिमको मूल्याङ्कनका आधार अनुसार मूल्याङ्कन गरी संस्था छनौट गर्नेछ।

**१.२ आवेदकले पेश गर्नुपर्ने कागजातहरुः**

क) बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ को दफा १६ को उपदफा (३) मा उल्लेखित कागजातहरु पेश गर्नुपर्नेछ।

ख) आवेदकले अघिल्लो आर्थिक वर्षमा जिवित पशुको कारोवार गरेको अभिलेखका साथै कारोवार योजना पेश गर्नुपर्नेछ। तर जिवित पशुको विक्री सुरुवात गरेको एक आर्थिक वर्ष भन्दा कम अवधी भएको वा नयाँ सुरुवात गर्ने संस्थाले बार्षिक खरिद तथा कारोबार योजना मात्र पेश गरे हुनेछ।

ग) आवेदक संस्थाले खरिदकर्ता (मासु पसल, सप्लायर्स, संकलनकेन्द्र, हाटबजार, मासु प्रसोधन उद्योग) सँग गरेको सम्झौताको प्रतिलिपि पेश गर्नुपर्नेछ।

घ) आवेदक संस्थाले आफ्नो संस्था मार्फत कारोवार गर्ने कृषकहरुको विवरण आवेदन सँगै पेश गर्नुपर्नेछ। यसरी कारोवार गर्ने कृषकको संख्या थपघट भएमा सोको जानकारी कार्यालयलाई उपलब्ध गराउनुपर्नेछ।

**२ .आर्थिक पक्ष :**

क) प्रति संस्था प्रति उत्पादन किसिम (खसीबोका वा च्याङ्ग्रा) अनुसार अधिकतम बार्षिक दश लाख सम्म प्रोत्साहनको लागि रकम उपलब्ध गराउन सकिनेछ।

ख) प्रोत्साहन बापत रकम उपलब्ध गराउँदा बार्षिक स्वीकृत बजेटको परिधि भित्र रही निम्न अनुसारले गर्नुपर्नेछः

अ) खसीबोका/च्याङ्ग्रामा अधिकतम प्रति के.जी. रु. २०।

ग) छनौट भएका संस्थाहरुले प्रोत्साहन वापत रकम प्राप्त गर्न निवेदनका साथमा बुँदा नं ३ (घ) बमोजिमको विवरण अनुसारको प्रत्येक कृषकले उक्त अवधिमा संस्थालाई विक्री गरेको जिवित पशुको परिमाण सहितको विवरणहरु पेश गर्नुपर्नेछ।

घ) आवेदक संस्थालाई प्रोत्साहन वापत रकम बैङ्क खाता मार्फत उपलब्ध गराईनेछ।

ङ) आवेदक संस्थाले प्राप्त प्रोत्साहन रकमको बढीमा ४ (चार) प्रतिशत कार्यक्रम संचालन स्वरुप संस्थामा राख्न सक्नेछ र बाँकी रकम सम्बन्धित कृषकलाई निजको बैंक खाता मार्फत वा नगदै बुझाई बुझिलिएको भर्पाइ वा बैंक भौचर कार्यालयमा पेश गर्नुपर्नेछ।

३.० प्रस्ताव मूल्याङ्कनका आधारहरु

| क्र.सं. | मूल्याङ्कनका आधारहरु | अंक |
|---|---|---|
| १.० | **संस्थाको कारोवारको अवस्था** | १५ |
| १.१ | बुँदा नं. १.१ (ग) बमोजिमको कारोबार गरेवापत १० अंक प्रदान गर्ने र थप कारोवारको लागि प्रति टन १ अंकका दरले थप गर्दै अधिकतम १५ अंकसम्म प्रदान गर्ने | १५ |
| २.० | **संस्थाको पूवाधारको अवस्था** | १० |
| २.१ | सडक, पानी, बिजुली, तथा पशु राख्ने टहरा/खोरको सुविधा भएको | १० |
| २.२ | सडक, पानी, बिजुली तथा टहरा/खोर मध्ये कम्तिमा कुनै २ वटा पूर्वाधारको सुविधा भएको | ७ |
| २.३ | सडक, पानी, बिजुली जस्ता कुनै किसिमको पुर्वाधारको सुविधा उपलब्ध नभएको | ५ |
| ३.० | **अभिलेखको व्यवस्था** | १० |
| ३.१ | नियमित बैठक, निर्णय प्रकृया र कारोवार लगायतकाका अभिलेख व्यवस्थित राख्ने गरेको | १० |
| ३.२ | अभिलेख व्यवस्थित रुपमा नराखेको | ५ |
| ४.० | **प्रत्यक्ष रोजगारी सिर्जना** | १० |
| ४.१ | ३ जना सम्म भएमा ५ अंक प्रदान गरी थप १ जनाको रोजगारी सिर्जना गरे बापत १ अंकका दरले थप गरी अधिकतम १० अंक प्रदान गर्ने | १० |
| ५.० | **संस्थागत विकास सम्बन्धी योजना** (नवीनतम सोच, दिगोपना, बजार योजना लगायतका विषयहरु तथा स्थलगत अनुगमन प्रतिवेदन समेतका आधारमा प्रस्ताव मूल्याङ्कन गरी १ देखि ५ अंक सम्म प्रदान गर्न सक्ने) | ५ |
| | **जम्मा** | ५० |